मधेश प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय
कृषि ज्ञान केन्द्र धनुषा

फोन नं ०४१-५२०१४८ /५२३७३९
इमेल:akcdhanusha.chief@gmail.com

मिति २०८१ /६ /१४

पत्र संख्या : २०८१/८२
च न

प्रथम पटक प्रकाशित मिति २०८१।०६।१५

## दलहन बाली प्रवर्द्धन र तेलहन बाली प्रवर्द्धन कार्यक्रम संचालनको लागि प्रस्ताव आवेदन आव्हान सम्वन्धि सूचना ।

कृषि ज्ञान केन्द्र,धनुषाको आ.व. २०८१।०८२ को लागि संचालन हुने दलहन बाली प्रवर्द्धन कार्यक्रम र तेलहन बाली प्रवर्द्धन कार्यक्रम को लागि यस जिल्ला भित्रका कृषक/ कृषि समूह/कृषि सहकारीहरुले २१ औं दिन (२०८१।०७।०५ गते) सम्म यस कार्यालयमा आवश्यक कागजात सहित तेकिएको ढाँचामा खामबन्दी प्रस्ताव पेश गर्न यो सूचना प्रकाशन गरिएको छ ।

| माप दण्ड | कृषक को हकमा | कृषक समुह /कृषि सहकारी को हकमा |
|---|---|---|
| दलहन बालि प्रवर्द्धन कार्यक्रम र तेलहन बाली प्रवर्द्धन कार्यक्रम | न्युनतम १० कठ्ठा जग्गामा दलहन/तेलहन बालीको खेति गर्न इच्छुक | न्युनतम ३ बिगाहा क्षेत्रफलमा व्यवसायिक रुपमा दलहन/तेलहन बाली खेति गर्न ईच्छुक |

आवश्यक कागजातहरु

१. कृषि ज्ञान केन्द्रले तोकेको ढाँचामा रु.१० को हुलाक टिकट टाँस गरेको कार्यालयले निर्दिष्ट गरेको निवेदन ।

२.कृषक समूह/कृषि सहकारी हकमा संस्था दर्ता प्रमाण पत्रको प्रतिलिपि, आ.व. २०८०/०८१ को कर चुक्ता प्रमाण पत्रको प्रतिलिपि, स्थाई लेखा प्रमाण पत्रको प्रतिलिपि, सम्वन्धित कृषक समूह/कृषि सहकारीको कार्यक्रम माग सम्वन्धित निर्णय स्वयं प्रमाणित गरी पेश गर्नुपर्नेछ ।

३. कृषक समूह/कृषि सहकारीकोहकमा प्रस्ताव पेश गर्न जिम्मेवारी दिइ खटाइएका पदाधिकारीको अख्तियारी पत्र तथा संचालक समितिको नागरिकता प्रमाण पत्रको फोटोकोपि स्वयं प्रमाणित गरी पेश गर्नुपर्नेछ ।

४. कृषकको हकमा नागरिकता प्रमाणपत्रको प्रतिलिपि र स्थाई लेखा प्रमाण पत्रको प्रतिलिपि स्वयं प्रमाणित गरि पेश गर्नुपर्नेछ ।

६.समान प्रकृतिको कार्यको लागि यस निकाय वा अन्य कुनै निकायवाट यस वर्ष वा विगत २ वर्ष भित्र अनुदान नलिएका स्व- घोषणा पत्र ।

७.स्थानीय निकायमा रहेको कृषि विकास शाखाको सिफारिस पत्र ।

डा. रामचन्द्र यादव
प्रमुख

CamScanner

मधेश प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय
कृषि ज्ञान केन्द्र धनुषा

फोन नं ०४१-५२०१४८ /५२३७३९
इमेलः akcdhanusha.chief@gmail.com

पत्र संख्या : २०८१/८२
च न

मिति २०८१ /६ /१४

८.माग गरिएको योजनाको लागत इस्टिमेट, कार्ययोजना, श्रोत सुनिश्चितता र आफ्नो लगानी अनुपातको प्रतिवद्धता पत्र पेश गर्नुपर्नेछ ।

९.परियोजना स्थलको नक्सा/कलर फोटो ।

१०. दलहन र तेलहन वाली प्रवर्द्धन कार्यक्रम को आवेदन छुटाछुटे दर्ता गर्नु पर्नेछ ।

११. अनुदानका शर्तहरु

- उत्पादन तथा उत्पादकत्व वृद्धि कार्यक्रमः कृषि उत्पादन सामाग्रीहरु- उन्नत विउ, प्रांगारिक मल, कृषि चुन , कृषि औजार तथा यन्त्र उपकरणहरु, साना सिचाई व्यवस्थापन ,तालिम तथा क्षमता अभिवृद्धि ।
- उत्पादनोप्रान्त प्रविधि तथा प्रशोधन कार्यक्रम : प्रशोधन मिलहरुको स्थापना वा पुरानो मिलको स्तरोन्तती तथा प्याकेजिङ्ग र लेभलिङ्ग ।
- यस कार्यक्रम अन्तर्गत स्वीकृत वजेट र कार्यक्रम संचालन कार्याविधि परिमार्जन/संशोधन भए अनुसार थप /घट हुनेछ ।
- गत आ.व.मा अनुदान नपाएका उन्नत प्रविधि अवलम्वन गरेको व्यवसायी खेती गर्ने,वढी लागत सहभागिता भएको व्यक्ती/संस्थालाई प्राथमिकता दिइने छ ।
- झूठो विवरण पेश गरेको प्रमाण्ति भएमा जुनसुकै वेला प्रस्ताव आवेदन/निवेदन रद्ध हुने छ ।
- अधिकतम् अनुदान प्रतिशत कृषि क्षेत्रमा अनुदान परिचालन कार्याविधि,२०७६ मा व्यवस्था भए वमोजिम कायम हुनेछ ।
- प्रस्ताव स्वीकृत गर्ने सम्वनधी सम्पूर्ण अधिकार यस ज्ञान केन्द्रमा निहित रहने छ ।
- थप जानकारीका लागि यस कृषि ज्ञान केन्द्रको योजना शाखा , केन्द्रको वेवसाइट akcdhanusha.gov.np , स्थानीय तहवाट प्राप्त गर्न सकिन्छ ।विशेष जानकारीको लागि सम्पर्क मोवाईल नं.९८६०३४२४९४

डा. रामचन्द्र यादव
प्रमुख
रा.प्र.द्वितीय. तह